म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ९५ २०८२ फागुन १० गते आइतबार 22 February 2026, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## थाइल्यान्डमा ७२ वटा बाघ मरे

काठमाडौं : थाइल्यान्डको उत्तरमा रहेको निजी रूपमा सञ्चालित 'टाइगर किङ्गडम' चियाङ माई पार्कमा पछिल्ला हप्ताहरूमा भाइरस र ब्याक्टेरियाको सङ्क्रमणले कम्तीमा ७२ वटा बाघ मरेका छन् । परीक्षणका क्रममा मरेका बाघमा अत्यधिक सङ्क्रामक क्यानाइन डिस्टेम्पर भाइरसका साथै श्वासप्रश्वास प्रणालीलाई असर गर्ने ब्याक्टेरिया पत्ता लागेको अधिकारीहरूलाई उद्घृत गर्दै समाचार संस्था एएफपीले जनाएको छ। बाघ बिरामी पर्दा बिरालो वा कुकुरजस्ता जनावरहरूको तुलनामा पत्ता लगाउन गाह्रो हुने र बिरामी भएको थाहा पाउँदासम्म धेरै ढिलो भइसकेको राष्ट्रिय पशुधन विभागका निर्देशक सोमचुआन रतनामुङ्क्लानोनले स्थानीय सञ्चारमाध्यमसँग भन्नुभयो। यो घटनापछि पार्क दुई हप्ताका लागि बन्द भएको र अनुसन्धान पनि शुरु भएको खबरमा उल्लेख छ। जीवित बाघहरुलाई नजिकबाट निगरानीका लागि चियाङ माई प्रान्तको उत्तरी भागमा रहेको माई ताइङ जिल्लामा रहेको पार्कको हेरचाह केन्द्रमा सारिएको छ। *स्रोत : उज्यालो अनलाइन।*



**मतदाता शिक्षा** : मकवानपुरको थाहा नगरपालिका-२ मा मतदाता शिक्षाअन्तर्गत सर्वसाधारणलाई मतदान गर्दा ध्यान दिनुपर्ने विषयमा जानकारी दिँदै एक सहजकर्ता । मतदानको प्रक्रियाबारे आधारभूत जानकारी गराउने उद्देश्यले मतदाता शिक्षा कार्यक्रमअन्तर्गत सहजकर्तालाई परिचालन गरिएको छ। मतदाता शिक्षाले मतदानको प्रक्रियालाई प्रभावकारी बनाउनुका साथै बदर मतको अनुपात घटाउने विश्वास निर्वाचन आयोगको छ ।

# उम्मेदवार जिताउन अग्रसर दलका शुभेच्छुक संगठन

समाज संवाददाता

हेटौंडा : दलका शुभेच्छुक संगठनहरु निर्वाचनमा उम्मेदवारलाई जिताउन यतिबेला भेला र उम्मेद्वारसँग परिचय गराउने अभियानमा छन्। नेकपा एमालेको शुभेच्छुक संगठन नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति मकवानपुरले शनिबार आयोजना गरेको एक शैक्षिक अन्तरक्रिया कार्यक्रममा शिक्षक नेताहरूले नेकपा एमालेका उम्मेदवारहरूलाई जिताउन खुला आव्हान गरेका छन् ।

संगठनका केन्द्रीय उपमहासचिव श्रीराम दहालले विधानमा नलेखिए पनि आफूहरू एमालेका कार्यकर्ता भएको स्वीकार गर्दै पार्टीका उम्मेदवारलाई जिताउनु आफुहरुको दायित्व भएको बताउनुभयो। उहाँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चुनावी घोषणापत्रको आलोचना गर्दै रास्वपाले जेल तोडेर भागेकाहरूलाई टिकट बाँडेको आरोप लगाउनुभयो । अब पैसाका भरमा नभई एजेण्डाका भरमा चुनाव जित्ने संस्कार स्थापित गर्ने उहाँको भनाइ छ । उहाँले शिक्षकहरूलाई केवल ऐन मात्र नभई अधिकार सुनिश्चित गर्ने कानुन चाहिएकोमा जोड दिनुभयो ।

त्यसैगरी हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले स्वतन्त्र भनेर सरकारमा गएकाहरू अहिले पार्टीकै झण्डा बोकेर चुनावमा आएको बताउनुभयो । एमाले सरकारमा रहँदा नै शिक्षकको तलब बढेको र अब शिक्षकहरूले त्यो गुन तिर्ने बेला आएको उहाँको भनाइ छ । उहाँले एमालेलाई हात्तीको संज्ञा दिँदै अन्धाहरूले हात्ती छामे जस्तो गरी एमालेको व्याख्या भइरहेको टिप्पणी गर्नुभयो। गत भदौ २३ र २४ गते भएको जेन जी आन्दोलनपछि नेकपा एमाले र तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली माथि भइरहेको एकोहोरो आक्रमणलाई धमिलो पानीमा माछा मार्ने काम भइरहेको सिग्देलले बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि मकवानपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा उम्मेदवार रामेश्वर राना मगरले अभिभावकको सम्मान नहुने घर र मुलुक अघि बढ्न नसक्ने बताउनुभयो । शिक्षकहरूलाई मर्यादित विद्यार्थी उत्पादन गर्न आग्रह गर्नुहुँदै रानाले भन्नुभयो, 'हामी खरानी बनाउन खोजिएको नेपाली अस्तित्व बचाएर नयाँ नेपाल बनाउन सक्छौं । हामी पैसा ओछ्याएर होइन, एजेण्डा लिएर जनताको अगाडि राखी निर्वाचन जित्दैछौं ।'

नेकपा एमाले मकवानपुरका कार्यवाहक अध्यक्ष हिदम लामाले नेपाल र नेपाली राष्ट्रियता जोगाउन एमालेलाई जिताउन आवश्यक रहेको बताउनुभयो । नयाँ शक्तिहरूप्रति सतर्क गराउँदै चिनी पुरानो भयो भनेर जनताले विष खान खोजिरहेको उहाँले बताउनुभयो। संगठनका जिल्ला अध्यक्ष मुकुन्द न्यौपानेको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका विभिन्न विद्यालयमा कार्यरत निजी तथा सामुदायिक शिक्षकको समस्या समाधानका बारेमा छलफल भएको थियो ।

### प्रधानमन्त्रीको निर्देशन

# निर्वाचन बहिष्कारका नाममा हुने धन्दामा कडाइ गर्नु

काठमाडौं : प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन बहिष्कारका नाममा बिथोल्ने प्रयास हुनसक्ने भन्दै प्रभावकारी सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिएकी छन् । शनिबार बुटवलमा प्रदेशका उच्च अधिकारीहरूसँगको बैठकमा प्रधानमन्त्री कार्कीले बहिष्कारका नाममा जनतालाई आतंकित पार्ने र अवैध रकम असुली गर्ने काम हुनसक्ने भन्दै सुरक्षा निकायलाई चनाखो रहन निर्देशन दिएकी हुन् ।

'अहिले बहिष्कार पनि एक प्रकारको सजिलो व्यवसायजस्तो भएको छ। जनतामा जानु नपर्ने, संगठन बनाउनु नपर्ने, तर दुई चार जना मिलेर बहिष्कारको हल्ला फिँजाउने र चन्दाका नाममा असुली गर्ने प्रवृत्ति देखिएको छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'राजनीति गर्ने हो भने जनतामा मत माग्न जानुपर्छ । यस्ता अवाञ्छित गतिविधिलाई कडाइका साथ नियन्त्रण गरिनुपर्छ ।'

देशको राजनीतिक निकासका लागि निर्वाचन सफल बनाउनुको विकल्प नरहेको पनि प्रधानमन्त्री कार्कीले बताइन् । उनले भनिन्, 'निर्वाचन आफैमा जित-हारको प्रतिस्पर्धा हो, त्यसैले सम्भावित झडप र विवादप्रति सुरक्षा निकाय चनाखो हुनुपर्छ।' जस्तोसुकै चुनौती आए पनि राज्यले सामना गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिइन् । 'यो देश हामी आफैले बनाउने हो,' उनले भनिन् । *स्रोत : अनलाइनखबर।*

### निर्वाचनको सौहार्द्ध वातावरण

# सञ्चारकर्मीको भूमिका महत्वपूर्ण




*अन्तरक्रियामा आफ्नो धारणा राख्नुहुँदै नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल ।*

समाज संवाददाता

हेटौंडा : निर्वाचनलाई भयरहित तथा सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न गर्न सञ्चारकर्मीहरुको महत्वपूर्ण भूमिका रहने सरोकारवालाहरुले जोड दिएका छन् । शनिबार प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासंघ मकवानपुरको संयोजनमा सम्पन्न कार्यक्रमका सहभागी सरोकारवालाहरुले पछिल्लो समय डिजिटल मिडियाहरु अर्थात अनलाइन सञ्चारमाध्यममा बढी आचारसंहिता उल्लङ्घनका घटना बढी भइरहेको बताएका छन् ।

पछिल्लो समय निर्वाचनको समाचार लेख्दा सञ्चारकर्मीहरुले एकतर्फी अमुक दलको मात्र समाचार लेख्ने परिपाटी बढ्दै गएको प्रति चिन्ता समेत व्यक्त गरिएको छ । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रामप्रसाद दाहालले राज्य संयन्त्रले नै सामाजिक सञ्जाल र आम सञ्चारको बीचको भिन्नताबारे अझै स्पष्ट हुन नसकेको यथार्थ बताउँदै आमजनमानसमा सामाजिक सञ्जाल प्रयोगकर्ता र पत्रकार एउटै भन्ने गलत बुझाइले सञ्चारकर्मीहरुलाई समस्यामा पारेको बताउनुभयो । उहाँले पत्रकार आचारसंहिताको साथै निर्वाचन आचारसंहिताको पालना गरेमा सञ्चार माध्यमको साख समेत बढ्नेमा जोड दिनुभयो ।

कार्यक्रममा मकवानपुरकी मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले मकवानपुर जिल्लामा अन्यत्र भन्दा कम मात्र आचारसंहिताको उल्लङ्घनका घटना भएको पाइएको भन्दै खुशी समेत व्यक्त गर्नुभएको छ । उहाँले जिल्लामा यही वातावरण कायम राख्न सञ्चारकर्मीहरुले समेत सकारात्मक भूमिका खेल्न सक्ने अपेक्षा समेत व्यक्त गर्नुभएको छ । कार्यक्रममा नेपाल प्रेस काउन्सिलको सञ्चालक समिति सदस्य सन्तराम बिडारीले प्रविधिको विकास भएपनि यसमा दुरुपयोग बढ्दै गएकोले चुनौतिहरु बढ्दै गएको समेत बताउनुभयो । उहाँले सञ्चार माध्यमहरुले आचारसंहिता उल्लङ्घन भए काउन्सिलले कारबाहीको प्रक्रिया अघि बढाउने समेत जानकारी दिनुभयो ।

कार्यक्रममा मकवानपुरका अग्रज पत्रकार प्रताप विष्टले समाचार, विचार सम्प्रेषण गरेर पत्रकारले पैसा समेत लिने गरेको भन्ने गुनासो आएको बताउनुभयो। पत्रकारले समाचार लेख्दा, अन्तरवार्ता लिंदा पैसा लिनु आचारसंहिता विपरित हुने उल्लेख गर्नुहुँदै निर्वाचनमा पैसा लिएर अन्तरवार्ता लिने, पैसा लिएर समाचार लेख्ने अवस्था हुनु गलत भएको टिप्पणी गर्नुभयो ।

कार्यक्रममा निर्वाचन अधिकृत देवेन्द्रराज आचार्य, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, प्रहरी नायब उपरीक्षक पुष्कर बोगटी, पत्रकार महासंघ मकवानपुरका पूर्व अध्यक्ष भानुभक्त आचार्य, कार्यरत सञ्चारकर्मीहरुको सहभागिता थियो ।



## सम्पादकीय

# मासिक परीक्षामै पुरस्कार

सामान्यत: राम्रो कामका लागि पुरस्कृत हुनु, सम्मानित हुनु सामान्य तर महत्वपूर्ण विषय हो । राम्रो कामलाई प्रोत्साहित गर्न सकियो भने समाजलाई नै राम्रो बनाउँदै लैजान सकिन्छ । विद्यालय शिक्षामा राम्रो नतीजा प्राप्त हुने पुरस्कारले पुरस्कृत हुने विद्यार्थीलाई अझ आफ्नो नतीजामा सुधार ल्याउन प्रोत्साहित गर्नेछ । विद्यालय शिक्षामा वार्षिक परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कृत गर्ने गरिन्छ । अझ कतिपय सन्दर्भमा विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्ने भएकोले पुरस्कृत गर्नु भन्दा कमजोर अवस्थाका विद्यार्थीको मनोबल बढाउने र सबै विद्यार्थीले आआफ्नो रुचि र चासोको क्षेत्रमा कुशलतापूर्वक प्रस्तुत हुन सक्ने क्षमता निर्माणमा जोड दिनुपर्ने तर्क गरिन्छ ।

नेपालको सन्दर्भमा साविक एसएलसी परीक्षामा देशभरबाटै उत्कृष्ट विद्यार्थी घोषणा गर्ने, उत्कृष्ट १० विद्यार्थीलाई पुरस्कृत, सम्मानित गर्ने प्रचलन थियो । तर, विद्यार्थीमा कमजोर र अब्बलबीच विभेद देखिने, अब्बल देखिन अस्वभाविक प्रयास गरिने, अब्बल हुन नसक्दा विद्यार्थीमा नैराश्यता बढ्ने भन्दै उत्कृष्ट विद्यार्थी अर्थात् बोर्ड फस्ट, बोर्डमा उत्कृष्ट १० घोषणा गर्ने प्रचलनकै अन्त्य गरियो । यसरी नतीजाको व्यवस्थापनमा विविध अवधारणा आत्मसात गरिए पनि समग्रमा नेपालको विद्यालय शिक्षामा उल्लेखनीय सुधार हुन सकेको छैन । अझै पनि विद्यालय जाने उमेरका बालबालिका ठूलो संख्यामा विद्यालय बाहिरै रहने अवस्था छ । विद्यालयमै रहेका विद्यार्थीमा पनि राम्रो सिकाई, राम्रो नतिजा र उच्च शिक्षा हासिल गर्न सक्षम बन्न नसकेको स्थिति बिडम्बनापूर्ण छ ।


यस्तो पृष्ठभूमिमा विद्यालय शिक्षाको जिम्मेवारी पाएको स्थानीय सरकारहरुले प्रतिस्पर्धी हुँदै असल अभ्यासमा प्रतिस्पर्धा गर्न सकेको देखिँदैन । अपेक्षा विपरित अधिकांश पालिकामा विद्यालयहरु अभिभावकविहिन जस्तै बनेका छन् । विद्यालय शिक्षाको वस्तुस्थिति बुझेर आगामी दिनमा उल्लेखनीय काम गर्ने अठोट जनप्रतिनिधिहरुले लिन सकेका छैनन् । कर्मचारीतन्त्रबाट समग्र सुधारको सम्भावना छैन । नगन्य संख्याका विद्यालयहरुले भने केही सकारात्मक प्रयास गरेका छन् । विद्यालयलाई बालबालिकामैत्री, विद्यार्थीमैत्री बनाउने प्रयास भइरहेका छन् । विद्यालयमा असल अभ्यासको प्रयास भइरहेको छ ।

मकवानपुरको थाहा नगरपालिका-६, बज्रबाराहीस्थित बज्रबाराही माविले विद्यार्थीलाई प्रोत्साहित गर्दै हरेक महिनाको परीक्षामा उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्ने गरेको छ । विद्यार्थीलाई पुरस्कारस्वरुप शैक्षिक सामग्री नै उपलब्ध गराउने गरेको छ । विद्यालयले २०७६ सालदेखि नै विद्यार्थीलाई यसरी पुरस्कृत गर्ने गरेको प्रधानाध्यापक रमेशमान डंगोल बताउनुहुन्छ । मासिक परीक्षामा राम्रो गर्ने विद्यार्थीलाई पुरस्कृत गर्नु राम्रो हो । तर, विद्यालयको शिक्षा सुधार गर्न यो मात्रै पनि पर्याप्त होइन भन्ने पनि बज्राबाराही माविको अभ्यासले स्पष्ट पारेको छ । मासिक परीक्षामा पुरस्कृत गरे पनि विद्यार्थीको सिकाई उपलब्धी र नतीजामा भने उल्लेखनीय सुधार हुन सकेको छैन । शिक्षाजस्तो विहंगम क्षेत्रमा कुनै एउटा मात्रै पाटोमा सुधार गरेर शिक्षा सुध्रने अवस्था रहन्न भन्ने बुझाउन बज्रबाराहीको प्रयासबाट सिक्नुपर्छ । विद्यालय र सरोकारवालाले समग्र सुधार गर्दै अगाडि बढ्नुपर्नेमा मूलत: पालिकाकै शिक्षा महाशाखा र शाखाले अवश्यक अग्रसरता देखाउनुपर्छ । पालिकाभरका विद्यालयहरुको वस्तुस्थितिका आधारमा उपयुक्त योजना बनाउने, योजनाको प्रभावकारी कार्यान्वयन गर्दै कार्यान्वयन गरिएको योजनाको निर्मम समीक्षा गरेर आगामी योजना अझ प्रभावकारी बनाउन आवश्यक अध्ययन, अनुसन्धान र आवश्यक नीतिगत, व्यावहारिक पक्षबाट काम गर्नुपर्छ । जसले विद्यालय शिक्षा सुधारको आधार तयार पार्नेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : विपरित परिस्थितिलाई जितिने समय योग छ । |
| वृष | : व्यापार-व्यवसायबाट लाभ प्राप्त हुने समय छ । |
| मिथुन | : परोपकार र आनन्दमा मन जाने समय योग छ । |
| कर्कट | : हाँके ताकेका काममा पूर्णता प्राप्त हुने समय छ । |
| सिंह | : विश्वासको कमिले आपसी मनमुटाव बढ्ला । |
| कन्या | : भद्रभलाद्मीको संगतले काममा पूर्णता । |
| तुला | : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ । |
| वृश्चिक | : हिम्मत र साहसले काममा पूर्णता प्राप्त । |
| धनु | : नोकरीमा चुनौती र जोखिम झेल्ने समय छ । |
| मकर | : शत्रु र रोगमाथि विजय प्राप्त हुने समय छ । |
| कुम्भ | : परीक्षा प्रतियोगितामा सरिक भईने समय योग छ । |
| मीन | : सामाजिक र धार्मिक काममा सरिक भईने छ । |

# पुराना दलका लागि टाउको दुखाइ बन्दै प्रशान्त



**बिशभ अधिकारी**

प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा मकवानपुर क्षेत्र नम्बर-२ मा चुनावी चहलपहल तीव्र बन्दै गएको छ। यही २१ फागुनमा हुने निर्वाचनलाई लिएर यहाँको राजनीतिक वातावरण केवल चुनावी औपचारिकतामा सीमित नभई पुरानो राजनीतिक निरन्तरता र नयाँ राजनीतिक प्रयोगबीचको टकरावका रूपमा विकसित हुँदै गएको छ। यही द्वन्द्वले यस क्षेत्रको चुनावलाई विशेष चासोको विषय बनाइदिएको छ।

यसपटक राजनीतिक दलहरू गठबन्धनको सहारा नलिई आ-आफ्नै बलमा चुनावी मैदानमा उत्रिएका छन्। त्यसको प्रत्यक्ष असर मकवानपुर-२ मा देखिएको छ, जहाँ दलगत तथा स्वतन्त्र गरी २१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। नेपाली कांग्रेस, एमाले, नेकपा, राष्ट्रिय स्वतन्त्र पार्टी, माओवादी केन्द्र, राप्रपादेखि लिएर साना दल र स्वतन्त्र उम्मेदवारसम्मको उपस्थितिले यो क्षेत्र बहुआयामिक प्रतिस्पर्धाको केन्द्र बनेको छ।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा यही क्षेत्रबाट एमालेका महेशकुमार बर्तौला विजयी भएका थिए। उनले त्यसबेला ३४ हजारभन्दा बढी मत प्राप्त गरेका थिए भने उनका निकटतम प्रतिस्पर्धी एकीकृत समाजवादीका विरोध खतिवडाले करिब ३० हजार मत ल्याएका थिए। राष्ट्रिय स्वतन्त्र पार्टीका भरत पराजुलीले १२ हजार ३९ मत र राप्रपाका राजन मैनालीले २ हजार १९४ मत प्राप्त गरेका थिए। यही पृष्ठभूमिमा यसपटक एमालेले पुनः बर्तौलालाई उम्मेदवार बनाएको छ भने अन्य दलहरूले नयाँ वा फरक अनुहार अघि सारेका छन्।

भौगोलिक रुपमा विकट मानिने मकवानपुर-२ मा हेटौंडा उपमहानगरपालिकाका चार वडासहित थाहा नगरपालिका, राक्सिराङ, कैलाश, इन्द्रसरोवर, मनहरी, भीमफेदी र मकवानपुरगढी गाउँपालिकाका ४ वटा वडाहरू पर्दछन्। करिब एक लाख ५७ हजार मतदाता रहेको यस क्षेत्रमा तामाङ र चेपाङ समुदायको उल्लेख्य उपस्थिति छ। सामाजिक संरचना, भूगोल र पहुँचका हिसाबले संवेदनशील यो क्षेत्र राजनीतिक रूपमा पनि सधैं अर्थपूर्ण मानिँदै आएको छ।

जनजाति बाहुल्य क्षेत्र भएकाले यसपटक उम्मेदवारहरु जातीय, सामाजिक र स्थानीय मुद्दालाई केन्द्रमा राखेर मतदाता आकर्षित गर्ने प्रयासमा देखिन्छन्। नेपाली कांग्रेसले जिल्ला सभापति बुद्ध लामालाई उम्मेदवार बनाएर स्थानीयपन र संगठनात्मक आधारलाई जोड दिएको छ। लामाले आफू यही माटोमा जन्मिएको, यहाँका समस्या नजिकबाट बुझेको र भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य र पर्यटन विकासलाई प्राथमिकतामा राखेर चुनावी अभियान अघि बढाइरहेको दावी गर्दै आएका छन्। सुकुम्वासी समस्या समाधान, गाँजाखेतीलाई वैधानिक दायरामा ल्याउने र इन्द्रसरोवर क्षेत्रको पर्यटन विकास उनका प्रमुख एजेण्डा हुन्।

नेकपाले थाहा नगरपालिकाका पूर्व नगरप्रमुख लोकप्रिय व्यक्तित्व लवशेर विष्टलाई उम्मेदवार बनाएको छ। नगरप्रमुखका रूपमा गरेका विकास, सुशासन र पारदर्शिताका काम नै आफ्नो मुख्य शक्ति भएको उनको भनाइ छ। उनले स्थानीय तहमा देखाएको नेतृत्व क्षमतालाई अब संघीय संसदमार्फत व्यापक बनाउने दावी गर्दै आएका छन्।

अघिल्लो कार्यकालका प्रतिनिधिसभा सदस्य महेशकुमार बर्तौला भने आफूले छोटो समयमै सडक, शिक्षा र स्वास्थ्यका क्षेत्रमा ल्याएका योजनाहरू अझै कार्यान्वयनकै चरणमा रहेको भन्दै अधुरा काम पूरा गर्न पुनः जनताको समर्थन आवश्यक रहेको बताउँछन्। निरन्तरता र स्थायित्व नै विकासको आधार भएको उनको तर्क छ।

झट्ट हेर्दा ठूला भनिने दलहरुको वर्चस्व जस्तो देखिय तापनि यसपालि निर्वाचनको मत नयाँप्रति नै आर्कषण हो कि जस्तो देखिन्छ। अझ देश त घण्टिमय भएको छ, मकवानपुरमा पनि घण्टिको नबुझिँदो रूझान देखिन्छ। भाद्र २३/२४ को जेन जी आन्दोलनपछि मूलुकको राजनीतिक डायनामिक्स फेरिएको छ। जेन जी आन्दोलनको मर्म र भावना बोक्ने राजनीतिक दलप्रति जनचाहना बढेको देखिन्छ।

यही बीच, मकवानपुर-२ मा परिवर्तन चाहने मतदाताको मनोविज्ञान पनि स्पष्ट देखिन थालेको छ। पुराना दल र पुराना नेताबाट दिक्क भएका नागरिकहरु नयाँ सोच र नयाँ नेतृत्व खोजिरहेको सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले २५ वर्षका प्रशान्त उप्रेतीलाई उम्मेदवार बनाएको छ। उमेरका हिसाबले उनी नेपालकै सबैभन्दा कान्छा उम्मेदवार मध्ये पर्छन्, तर उनका विचार र प्रस्तुतिले उनलाई केवल युवाको परिचयमा सीमित राख्दैन।

नेपालको राजनीतिमा उमेर प्रायः अनुभवसँग जोडिन्छ, तर मकवानपुर-२ मा त्यो स्थापित धारणा चुनौतीको सामना गर्दैछ। राष्ट्रिय स्वतन्त्र पार्टीले मात्र २५ वर्षका प्रशान्त उप्रेतीलाई उम्मेदवार बनाएको निर्णयलाई सुरुमा धेरैले जोखिम ठाने, तर उनको विचार, नीति दृष्टि र विकासको अवधारणा सुन्दा उनी उमेरले होइन, सोचले परिपक्व देखिन्छन्। यही कारण आज मकवानपुर-२ मा एक युवा उम्मेदवारको उपस्थिति पुराना दलहरूका लागि गम्भीर टाउको दुखाइ बनेको छ।

राष्ट्रिय राजनीतिमा नयाँ अनुहार र नयाँ सोचको खोजी भइरहेका बेला मकवानपुरले एउटा सचेत, स्पष्ट र निडर युवा उम्मेदवार पाएको छ। प्रशान्त उप्रेती नेपालकै सबैभन्दा कान्छा उम्मेदवार भए पनि उनले बोकेको राजनीतिक चेतना सतही नारा र भावनात्मक भाषणमा सीमित छैन। उनको केन्द्रीय प्रश्न सधैं एउटै रहँदै आएको छ 'के गर्नुपर्‍यो ?' यो प्रश्नबाट सुरु हुने उनको राजनीति आलोचनामा अड्किँदैन, समाधान र नीति निर्माणमा केन्द्रित हुन्छ।

प्रशान्त उप्रेती मकवानपुर क्षेत्र नम्बर-२ अन्तर्गत मनहरीका स्थायी बासिन्दा हुन्। औपचारिक राजनीतिक पृष्ठभूमि नभए पनि उनले लामो समयदेखि सामाजिक क्षेत्रमा सक्रिय भूमिका निभाउँदै आएका छन्। सानै उमेरदेखि समाजमा देखिने विकृति, विसंगति, अन्याय र बहिष्करणका विरुद्ध आवाज उठाउँदै आएका उनी सत्ता प्राप्तिभन्दा पनि सामाजिक परिवर्तनलाई प्राथमिकता दिने पुस्ताको प्रतिनिधि हुन्। यही कारण उनको राजनीति पदमुखी होइन, मूल्य आधारित देखिन्छ।

शैक्षिक रूपमा उप्रेतीले स्नातक तहमा ट्राभल एण्ड टुरिजम विषय अध्ययन गरेका छन् भने स्नातकोत्तर तहमा शैक्षिक व्यवस्थापन र नेतृत्व विषय अध्ययन गरेका छन्। यस शैक्षिक पृष्ठभूमिले उनको सोचलाई केवल राजनीतिक मात्र नभई प्रशासनिक, नीतिगत र संस्थागत सुधारतर्फ उन्मुख बनाएको छ। उनी विकासलाई योजना, नीति र नेतृत्वसँग जोडेर हेर्छन्, जसले उनलाई भीडभन्दा फरक स्थानमा उभ्याएको छ।

मकवानपुर-२ का लागि प्रशान्त उप्रेतीले अघि सारेको विकास मोडल परियोजना र नीति केन्द्रित छ। सांसदको मुख्य काम बजेट बाँड्नु वा योजना उद्घाटन गर्नु होइन, संसदमार्फत दीर्घकालीन नीति निर्माण गर्नु हो भन्ने उनको स्पष्ट धारणा छ। त्यसैले शिक्षा, स्वास्थ्य र सामाजिक न्याय उनका सजावटी भाषण होइन संसदमा उठाइने मुख्य एजेन्डा हुन्।

शिक्षा क्षेत्रमा उनको जोड समावेशी नीति निर्माणमा छ। तामाङ, चेपाङ, वनकरिया, माझी र अन्य पिछडिएका समुदायका बालबालिका अझै पनि भाषिक, आर्थिक र सामाजिक अवरोधका कारण शिक्षा प्रणालीबाट बाहिरिन बाध्य छन्। यस अवस्थालाई अन्त्य गर्न लक्षित छात्रवृत्ति, मातृभाषामा प्रारम्भिक शिक्षा, आवासीय विद्यालय र सीपमूलक शिक्षालाई राष्ट्रिय शिक्षा नीतिमा सुनिश्चित गर्नुपर्ने उनी जोडदार रूपमा उठाउँछन्।

स्वास्थ्यलाई पनि उप्रेती सेवामात्र होइन, अधिकारका रूपमा बुझ्छन्। मकवानपुर-२ का दुर्गम र जनजाति बाहुल्य बस्तीहरूमा स्वास्थ्य सेवा पहुँच कमजोर हुनु संरचनागत समस्या भएको उनी ठान्छन्। त्यसैले मातृ शिशु स्वास्थ्य, पोषण, मानसिक स्वास्थ्य र नशा नियन्त्रणलाई लक्षित समुदाय केन्द्रित स्वास्थ्य नीति बनाएर संसदमा बहस गरिनुपर्ने उनको दृष्टि छ।

सामाजिक न्याय, समावेशिता र आदिवासी जनजाति सशक्तीकरण प्रशान्त उप्रेतीको विकास मोडलको मेरुदण्ड हो। मकवानपुर जिल्ला तामाङ समुदायसहित चेपाङ, वनकरिया, माझी र अन्य आदिवासी जनजातिको ऐतिहासिक बसोबासले बनेको जिल्ला भए पनि यी समुदाय शिक्षा, स्वास्थ्य, भूमिअधिकार र राजनीतिक प्रतिनिधित्वमा संरचनागत रूपमा पछाडि पारिएका छन्। यो समस्या कार्यक्रमको कमीले होइन, न्यायमुखी नीति नहुनुका कारण भएको उनी ठान्छन्। त्यसैले संसदमार्फत विशेष सशक्तीकरण नीति, लक्षित बजेट र कानुनी संरक्षण सुनिश्चित गर्नुपर्ने उनको स्पष्ट अडान छ।

भूमि, वन र प्राकृतिक स्रोतमा आदिवासी जनजाति समुदायको परम्परागत पहुँचलाई कानूनी मान्यता दिने विषय पनि उनको प्रमुख नीति एजेन्डा हो। सामुदायिक वन, प्रयोगविहीन जमिन र स्थानीय स्रोतको उपयोगमा स्थानीय समुदायलाई प्राथमिकता दिने नीति बिना दिगो विकास सम्भव हुँदैन भन्ने उनको बुझाइ छ।

यसरी हेर्दा, प्रशान्त उप्रेतीको उम्मेदवारी पुस्तान्तरणको संकेत हो। उनी पुराना संरचना र अभ्यासलाई चुनौती दिने, तर भावनामा होइन नीतिमा आधारित राजनीति अघि सार्ने युवा नेता हुन्। यही स्पष्ट दृष्टि, नीति-केन्द्रित सोच र निडर प्रस्तुतीले मकवानपुर-२ मा मात्र होइन, राष्ट्रिय राजनीतिमा समेत उनी ठूला दलहरूका लागि असजिलो प्रश्न बनेका छन्। अस्तु ॥

# शिक्षित युवाको भविष्य र लोकसेवा आयोगको भूमिका



**कान्तिराज मैनाली**

आधुनिक लोकसेवा आयोग प्रणालीको सुरुवात सन् १८५५ मा बेलायतबाट भएको हो। त्यसअघि सरकारी पदमा नियुक्ति राजनीतिक सिफारिस र पारिवारिक सम्बन्धका आधारमा हुने गर्थ्यो। पछि निष्पक्षता र योग्यता कायम गर्न खुला प्रतिस्पर्धात्मक परीक्षा प्रणाली लागू गरियो। बेलायती शासनकालमा भारतमा पब्लिस सर्भिस कमिशनको स्थापना १ अक्टोबर १९२६ मा भयो। यसको अध्यक्ष सर रॉस बार्कर थिए। भारत स्वतन्त्र भएपछि सन् १९५० मा संविधानद्वारा युनियन पब्लिस सर्भिस कमिशनको व्यवस्था गरियो। नेपालमा प्रजातन्त्र बहालीपछि २००८ असार १ गते लोकसेवा आयोग स्थापना गरियो। यसको उद्देश्य पनि बेलायत र भारतकै जस्तै सरकारी सेवामा योग्य र निष्पक्ष उम्मेदवार छनोट गर्नु नै थियो। अमेरिकामा सन् १८८३ मा पेन्डलेटन सिभिल सर्भिस एक्टले युएस सिभिल सर्भिस कमिशन गठन गर्‍यो। चीनमा प्राचीनकालमै इम्पेरिएल इक्जामिनेसन सिस्टम (सन् ६०७ देखि) लागू थियो जसलाई आधुनिक लोकसेवा प्रणालीको पूर्वरूप मानिन्छ।

फ्रान्स, जापान र क्यानडा लगायत देशहरूले पनि क्रमशः १९औं र २०औं शताब्दीमा पब्लिस सर्भिस कमिशन स्थापना गरे। लोकसेवा आयोगको अवधारणा चीनको पुरानो परीक्षा प्रणालीबाट सुरु भई बेलायतमा आधुनिक रूप लियो। भारत हुँदै नेपाल र अन्य देशहरूमा यसको क्रमिक रुपमा विस्तार भई व्यापकरुपमा परिष्कृत भई आजको यो अवस्थामा फैलिएको जगजाहेर नै छ। २००७ सालमा प्रजातन्त्र स्थापनापछि निजामती कर्मचारीको नियुक्ति स्वतन्त्र निकायमार्फत गर्नुपर्ने आवश्यकता महसुस भई २००८ असार १ गते लोकसेवा आयोग स्थापना गरिएको हो। यसको मुख्य उद्देश्य निजामती सेवाका पदहरुमा योग्य उम्मेदवार छनोट गर्नु र नियुक्ति प्रक्रियामा निष्पक्षता र पारदर्शिता कायम गर्नु नै हो। नेपालको संविधान २०७२ को भाग २३ ले लोकसेवा आयोग सम्बन्धी व्यवस्था गरेको छ भने धारा २४२ अनुसार आयोगमा एकजना अध्यक्ष चारजना सदस्य गरी कुल जम्मा ५ जना रहन्छन्। यसको मुख्य काम, अधिकार र प्रमुख जिम्मेवारीहरु धारा २४३ अनुसार निजामती सेवाको पदमा नियुक्तिका लागि परीक्षा सञ्चालन गर्नु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य संघीय सेवाको लिखित परीक्षा सञ्चालन गर्नु र बढुवा, विभागीय कारबाही, सेवाका

...बाँकी पृष्ठ ३ मा

# आगामी वर्ष बजेट आकार घट्दै, सिलिङ तय

काठमाडौं : आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट आकार चालु आवको तुलनामा घट्ने भएको छ । राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आवको बजेटका लागि चालु आवको आकार भन्दा सामान्य कम हुने गरी बजेट सिलिङ अर्थ मन्त्रालयलाई दिएको छ । अर्थ मन्त्रालय स्रोतका अनुसार १८ खर्ब ९० अर्बदेखि १९ खर्ब ४० अर्बको बीचमा रहने गरी सीमा निर्धारण गरिएको हो ।

सरकारले चालु आव २०८२/८३ मा १९ खर्ब ६४ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । राष्ट्रिय योजना आयोग उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले बजेट आकार अनावश्यक बढाउने प्रवृत्तिमा रोक लगाउने प्रयास 'उपलब्ध हुने स्रोत र गर्न सकिने खर्चको सीमा' निर्धारणकै बखत थालिएको छ । सोही अनुसार सिलिङ तय भएको उनले बताए । आयोग उपाध्यक्षको नेतृत्वमा रहने राष्ट्रिय स्रोत अनुमान समितिले अर्थमन्त्रीलाई सोही सीमा दिनुपर्ने प्रावधान छ । अहिले सरकारले १९ खर्ब ६४ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । यो बजेट समेत अर्धवार्षिक समीक्षाले १६ खर्ब ८८ अर्ब रुपैयाँमात्र खर्च हुने संशोधित अनुमान गरिसकेको छ ।

'सुरुमै ठूलो बजेट ल्याउने र खर्च गर्न नसक्ने प्रवृत्ति दाहोरिँदा राज्य संयन्त्रमाथि प्रश्न उठिरहेका छन्,' उपाध्यक्ष डा. श्रेष्ठले भने, 'यसलाई सिलिङ तोक्ने समयमै नियन्त्रणको प्रयास गरिएको छ ।' यथार्थ खर्च अर्धवार्षिक समीक्षाको अनुमान भन्दा कम हुने प्रवृत्ति लामो समयदेखि दोहोरिरहेको छ । समितिले सिलिङ तोक्दा विगतमा जस्तै राष्ट्रिय गौरवका आयोजनालाई एयरमार्क गरेर बजेट सुनिश्चित गरिएको उपाध्यक्ष श्रेष्ठले जानकारी दिए ।

अपूरा आयोजनालाई समेत पर्याप्त बजेट छुट्याइएको छ । खासगरी राज्यको प्राथमिकतामा रहेका आयोजना र कार्यक्रमलाई गति दिनुपर्छ भन्ने उद्देश्यले मार्गदर्शन सहित सीमा तय गरिएको समेत उनले जानकारी दिए । नेपालमा विनियोजन विधेयक र बजेट तयारी प्रक्रियालाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐनले नियमन गरेको छ । सोही ऐन अनुसार मध्यमकालीन खर्च संरचना र आगामी आवको बजेटको प्रयोजनका लागि मध्यमकालीन खर्च संरचना सहित उपलब्ध हुने स्रोत र गर्न सकिने खर्च सीमा फागुन पहिलो सातासम्म अर्थमन्त्रीलाई बुझाइसक्नु पर्छ ।

सोहीअनुसार समितिले यसै साता अर्थमन्त्री रामेश्वर खनाललाई बजेटको सिलिङ सहित प्रतिवेदन बुझाएको हो । अर्थ मन्त्रालय स्रोतका अनुसार यसपालि समितिको अनुमान अनुसार १३ खर्ब ३२ अर्ब हाराहारी राजस्व संकलन हुनेछ । समितिले आगामी आवमा पुग्ने कुल गार्हस्थ उत्पादन (जीडीपी) को १८.५ प्रतिशत राजस्व लक्ष्य तय गरेको छ । सोही अनुसार ७२ खर्ब बराबर जीडीपी पुग्ने अनुमान छ । जीडीपीको २७ प्रतिशत बजेटको आकार रहने गरी सिलिङ तय गरिएको छ ।

### नयाँ सरकारलाई पर्याप्त 'स्पेस'

चालु आवको बजेट नेकपा एमाले नेतृत्वको सरकारले सार्वजनिक गरेको हो । २३ र २४ भदौको जेनजी आन्दोलनले सरकार ढलेसँगै गठन भएको अन्तरिम सरकारले सोही बजेट कार्यान्वयन गऱ्यो । दलीय नेतृत्वमा रहेको सरकारले ल्याएको बजेट र अन्तरिम सरकारको प्राथमिकताबीच तालमेल मिलेन । सोहीकारण यस वर्ष बजेटका लक्ष्य अपेक्षित पूरा हुन सकेनन् ।

यस्तै अवस्थाबीच स्रोत अनुमान समेत अन्तरिम सरकारले नै गर्नुपर्ने अवस्था छ । तर, २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनपछि भने मुलुकमा पुनः जननिर्वाचित सरकार आउने छ । स्रोत अनुमान समितिले आगामी सरकारलाई पर्याप्त स्पेस राखेर अहिले बजेटको अनुमानित आकार तय गरेको हो । किनकि, चालु आवको बजेटलाई आधार मान्दै मध्यमकालीन खर्च संरचना (आव २०८२/८३-२०८४/८५) ले आगामी आव २०८३/८४ को बजेटको आकार २१ खर्ब २८ अर्ब रुपैयाँ हाराहारीको हुने प्रक्षेपण गरेको थियो ।

आयोग उपाध्यक्ष डा. श्रेष्ठका अनुसार यस वर्ष ६ महिनासम्म उठेको राजस्व, परिचालन गर्न सकेको वैदेशिक ऋण तथा अनुदान समेत मूल्यांकनका आधारमा सिलिङ तोकिएको हो । तर, नयाँ सरकारले यसमा सुधार गर्ने नयाँ रणनीति ल्याउन सक्यो भने उक्त सिलिङ संशोधन गर्ने र ठूलो आकारको बजेट ल्याउने सुविधा भने छ । आगामी आवको बजेट १५ जेठमा सार्वजनिक गरिसक्नुपर्ने संवैधानिक प्रावधान छ ।

### ठूलो आकारको बजेट ल्याउने, तर खर्च गर्न नसक्ने प्रवृत्ति

नेपालमा राजनीतिक दलहरूले लोक रिझ्याँइका लागि ठूलो आकारको बजेट ल्याउने तर कार्यान्वयन गर्न नसक्ने प्रवृत्ति छ । चालु आवका लागि समेत सरकारले सुरु लक्ष्यभन्दा ८५.९६ प्रतिशत बजेट कार्यान्वयन गर्न सकिने गरी अर्धवार्षिक समीक्षामा अनुमान गरेको छ । यस वर्ष ११ खर्ब २५ अर्ब चालु र २ खर्ब ४३ अर्ब पूँजीगत खर्च हुने संशोधित अनुमान छ । वित्तीय व्यवस्थाको खर्च ३ खर्ब १९ अर्ब हुने अनुमान छ । विनियोजन भने चालु ११ खर्ब ८० अर्ब, पूँजीगत बजेट ४ खर्ब ७ अर्ब र वित्तीय व्यवस्थामा ३ खर्ब ७५ अर्ब छ । उता, सरकारको आम्दानी समेत लक्ष्य अनुसार नहुने स्पष्ट भएको छ । यस वर्ष १४ खर्ब ८० अर्ब आम्दानी हुने अनुमान गरिएकोमा अर्धवार्षिक समीक्षाले १२ खर्ब ९८ अर्बमात्र हुने अनुमान गरेको छ । *स्रोत : अनलाइनखबर ।*

## शिक्षित युवाको...

शर्त, सरुवा आदि विषयमा सरकारलाई परामर्श दिनु पनि हो । लोकसेवा आयोग ऐन, २०७९ अनुसार छनोटका तरिका विभिन्न रहेका छन् । जस्तैः लिखित परीक्षा, प्रयोगात्मक परीक्षा, अन्तरवार्ता तथा अन्य आयोगले तोकेका विधिहरु नै प्रमुख हो ।

लोकसेवा आयोग नेपालको सबैभन्दा महत्वपूर्ण संवैधानिक निकाय मध्ये एक हो, जसले देशभरका सरकारी सेवामा योग्य र सक्षम जनशक्ति छनोट गर्ने जिम्मेवारी वहन गर्छ । यसको सम्पूर्ण कार्यप्रणाली पारदर्शिता, निष्पक्षता र गोपनीयतामा आधारित छ । लोकसेवा आयोगको सबैभन्दा ठूलो उपलब्धि भनेको यसको निष्पक्ष र पारदर्शी परीक्षा प्रणाली हो । राजनीतिक पहुँच, सिफारिस वा आर्थिक हैसियतभन्दा योग्यता र क्षमताको आधारमा रोजगारी पाउने अवसर आज सम्भव भएको छ । यसले विशेषगरी गरीब तथा शिक्षित बेरोजगार युवाहरूका लागि आशाको ढोका खोलेको छ । काठमाडौँदेखि कर्णालीसम्म, गाउँघरका मिहिनेती युवाले पनि समान अवसरका साथ प्रतिस्पर्धा गर्न सक्ने वातावरण सिर्जना भएको छ ।

शिक्षित युवाहरुमा आत्मविश्वासको विकास देखिएको छ । लोकसेवा आयोगले देशभरका युवामा मिहिनेत गऱ्यो भने सफल भइन्छ भन्ने मानसिकता जगाएको छ । कृषि, वन, प्रशासन, लेखा, शिक्षण, इन्जिनियरिङ आदि क्षेत्रमा दक्ष जनशक्ति छनोट गरेर देशभर सेवा गर्ने अवसर पाएका युवाहरूले देशभित्रै आफ्नो पहिचान बनाउन सकेका छन् । यसले वैदेशिक रोजगारमा निर्भरता घटाउने र युवाहरुलाई आफ्नै भूमिमा सम्भावना खोज्ने प्रेरणा दिएको छ । लोकसेवा आयोगका परीक्षा प्रणालीहरुले युवालाई गहिरो अध्ययन, अनुसन्धान र तयारी गर्न प्रेरित गर्छ । यसका कारण विश्वविद्यालय र कलेजहरूमा पनि प्रतियोगितात्मक अध्ययन संस्कृतिको विकास भएको छ । शिक्षा अब केवल प्रमाणपत्रका लागि नभई योग्यता प्रमाणित गर्ने साधन बनेको छ जसले देशमा शिक्षाको गुणस्तर वृद्धि गर्न सहयोग पुऱ्याएको छ ।

पहिले सरकारी जागिर ठूला-वडाको पहुँचमा मात्रै हुने धारणा थियो । तर आज लोकसेवा आयोगको खुला र पारदर्शी परीक्षा प्रणालीले हुम्ला, जाजरकोट, रोल्पा, भोजपुर, तेह्रथुम जस्ता दुर्गम जिल्लाका युवालाई पनि अवसर दिएको छ । केवल मिहिनेत र योग्यता भए पुग्छ । यही सन्देशले ग्रामीण युवामा आत्मविश्वास र देशप्रेम बढाएको छ । त्यसको फलस्वरूप अहिले गाउँका सामान्य किसानका छोरा-छोरी पनि प्रशासक, शाखा अधिकृत, शिक्षा अधिकृत, लेखा सहायक आदि बनेर देशभित्रै सेवा गरिरहेका छन् । लोकसेवा आयोगले हरेक वर्ष हजारौं पदमा परीक्षा सञ्चालन गर्छ । यसले देशमा स्थायी रोजगारीको अवसर सिर्जना गर्छ र युवाहरूको सीपलाई राष्ट्रिय प्रशासनिक प्रणालीमा समाहित गर्छ ।

शिक्षित बेरोजगार युवाले अब आफ्नो सीप विदेशमा होइन, आफ्नै देशको सेवा-विकासमा प्रयोग गर्न थालेका छन् । आयोगबाट छनोट भएका कर्मचारीहरू प्रशिक्षित, जिम्मेवार र निष्पक्ष हुने भएकाले नेपालको प्रशासनिक संरचना सवल भएको छ । नागरिक सेवामा उनीहरूको योगदानले जनसेवा सहज, पारदर्शी र जवाफदेही बनाएको छ । यसरी लोकसेवा आयोगले केवल रोजगार मात्र होइन, राष्ट्रको सुशासन र विकासको आधारशिला तयार गरेको छ । आयोगले समावेशी प्रणाली अपनाएको छ जसले महिला, दलित, जनजाति, मधेसी, पिछडिएका वर्ग र अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष आरक्षण व्यवस्था गरेको छ ।

यसले नेपालको प्रशासनलाई अधिक प्रतिनिधिमूलक र न्यायपूर्ण बनाएको छ । लोकसेवा आयोगको परीक्षा तयारी र सेवा प्रविष्टिको यात्राले युवामा देशप्रेम, सेवाभाव र उत्तरदायित्वबोध बढाएको छ । यसले रोजगारी भन्दा पनि देशसेवा गर्ने अवसर को रूपमा सरकारी सेवा लिन प्रेरणा दिएको छ । राजनीतिक उतार-चढाव, आर्थिक चुनौती, प्रशासनिक अस्थिरता, प्राकृतिक विपद् जस्ता जेसुकै कठिन समय आए पनि आयोगले आफ्नो धर्म, दायित्व र निष्पक्षताको मूल मूल्य कहिल्यै छाडेको छैन । कहिलेकाहीँ मानवीय त्रुटिका रूपमा एकाध कुराहरूमा कमि कमजोरी देखिए पनि आयोगको मूल प्रणाली पारदर्शी परीक्षा, योग्यता-आधारित छनौट, समान अवसर, गोपनीयता र निष्पक्षता सदैव अडिग रहँदै आएको छ । यही कारणले आज पनि लाखौं शिक्षित युवाहरू, चाहे उनीहरूको आर्थिक अवस्था जे भए पनि, कडा परिश्रम र आफ्नो क्षमताको आधारमा उज्यालो भविष्य बनाउने आशामा लोकसेवा मार्फत प्रतिस्पर्धा गर्छन् ।

कठिन परिस्थितिमा समेत आफ्नो जिम्मेवारी नटारेर राष्ट्रलाई दक्ष, उत्तरदायी र ईमानदार जनशक्ति उपलब्ध गराउँदै आएको यिनै गुणहरुले लोकसेवा आयोगलाई देशका युवाको विश्वास र आशाको आधारस्तम्भ बनाएको छ । लोकसेवा आयोग नेपालको केवल एक नियुक्ति निकाय होइन, यो देश निर्माणको मेरुदण्ड, युवाको आशा, निष्पक्षताको प्रतीक र राष्ट्र विकासको आधारशिला हो । आफ्नो दायित्वमा कहिल्यै विचलित नबनेर, योग्य जनशक्ति चयन गर्दै राष्ट्रलाई सक्षम, ईमान्दार र उत्तरदायी प्रशासन प्रदान गर्दै आएको यही संस्थाले आज नेपालका शिक्षित युवाको भविष्य मात्रै होइन, सम्पूर्ण राष्ट्रको प्रगति सम्भव बनाइरहेको छ ।

शिक्षित युवाको भविष्य सुरक्षित, सम्मानित र सम्भावनायुक्त बनाउन लोकसेवा आयोगले निर्विवाद रूपमा एक प्रमुख आधारको भूमिका निभाएको छ । योग्यता, मिहिनेत र क्षमता नै सफलताको वास्तविक आधार हो भन्ने विश्वास युवाहरूमा रोपिदिनु आयोगको सबैभन्दा ठूलो उपलब्धि हो । आर्थिक रुपमा कमजोर, दुर्गम भेगका परिश्रमी युवादेखि शहरका प्रतिस्पर्धी पुस्तासम्म सबैलाई समान अवसर प्रदान गर्ने पारदर्शी प्रणालीका कारण सरकारी सेवा अब पहुँच होइन, योग्यता-आधारित अवसर बनेको छ । कठिन परिस्थितिमा पनि निष्पक्षता र उत्तरदायित्वप्रति अडिग रहेको लोकसेवा आयोगले राष्ट्रका लागि दक्ष जनशक्ति तयार पार्दै युवा पुस्तामा आत्मविश्वास, देशप्रेम र सेवाभाव निर्माण गरेको छ । यसैले, शिक्षित युवाको उज्ज्वल भविष्य र समृद्ध नेपालको आधारस्तम्भ लोकसेवा आयोग नै हो भन्ने कुरा स्पष्ट हुन्छ । यसैगरी आयोगको साख जोगाउनु आजको दिनमा धेरै नै अपरिहार्य देखिन्छ ।

*(मैनाली लोकसेवा आयोगको हेटौंडास्थित कार्यालयको नासु हुनुहुन्छ ।)*

# सादर आमन्त्रण



जन्म :
१९९८/१०/२४

स्वर्गारोहण :
२०८२/१०/२९

**स्व. सिताराम रिमाल उपाध्याय**

मेरो पूजनीय पति श्री **सिताराम रिमाल उपाध्याय**को मिति २०८२/१०/२९ गतेका दिन स्वर्गारोहणपछि हामीप्रति समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, कोरा अवधिमा भेट गरी दुखद् समयमा साथमै रहनुहुने सम्पूर्ण इष्टमित्र, छरछिमेकहरुमा **१३औं दिनको पूण्यतिथि**मा तपसील बमोजिम पितृप्रसाद ग्रहणका लागि सादर निमन्त्रणा गर्दछौं ।

**तपसील**
मिति : २०८२/११/१२ गते मंगलबार
समय : दिनको २ बजेपछि
स्थान : हेटौंडा-५, पिप्लेचोक (आफ्नै निवास)

**प्रार्थी**
श्रीमति : जसोदा रिमाल

**छोरा/बुहारी**
अज्ञान रिमाल
विज्ञान रिमाल/अमृता रिमाल

PROFESSIONAL
BARISTA · BAR · SUSHI
TRAINING
Free Waiter Training in Every Course
Join the Italian Barista Bar Academy
Hetauda -04, School Road
Call: +977-9802944001 / 9822249969



## राष्ट्रपति रनिङशिल्ड

# कराते प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अन्तर्गत कराते प्रतियोगिता सम्पन्न भएको छ। शनिबार हेटौँडा उपमहानगरपालिकाको आयोजना तथा हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा प्रतियोगिता सम्पन्न भएको हो।

हेटौँडास्थित बहुउद्देश्यीय कभर्ड हलमा नेपाल सितारियो कराते संघका नगर अध्यक्ष दामोदर दहाल र मकवानपुर जिल्ला अध्यक्ष दीपक लामाको प्रमुख आतिथ्यमा कराते प्रतियोगिता भएको थियो। प्रतियोगितामा ४०, ४२, ४५, ५०, ५२, ५५, ५७ र ६० किलो तौल समूहका खेलाडीहरुको सहभागिता रहेको थियो। छात्रातर्फ ४० केजी समूहमा मन्दिपा श्रेष्ठ प्रथम र एलिसा भोलन द्वितीय, ४५ केजी समूहमा नितिका भोलन प्रथम र रमिला मोक्तान द्वितीय, ५० केजी तौल समूहमा जेनिसा तामाङ प्रथम, यासाङ्ग मोक्तान द्वितीय र प्रमिशिका थापा तृतीय, ५५ केजीमा जेसिका श्रेष्ठ प्रथम र ६० केजी तौल समूहमा असिम बल प्रथम र किन्जल खतिवडा द्वितीय भएका छन्।

यसैगरी छात्रतर्फ ४२ केजीमा रिदिम रुम्बा प्रथम, अंकित तामाङ द्वितीय र सुशान्त थिङ तृतीय, ५२ केजी तौल समूहमा कपिल डिम्डुङ प्रथम, सुवीर स्याङ्तान द्वितीय र अभिषेक पौडेल तृतीय, ५७ केजी तौल समूहमा रोहित रुम्बा प्रथम, यसुब विक द्वितीय र रिदम थिङ तृतीय र ६२ केजी तौल समूहमा रिचन सिन्तान प्रथम, असिम उप्रेति द्वितीय र विकास राई तृतीय भएका छन्।

त्यसैगरी राष्ट्रपति रनिङशिल्डतर्फ शनिबार उसु, दौड र भलिबल लगायतका प्रतियोगिताहरु भएका थिए। शुक्रबारदेखि सुरु भएको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता आज आईतबारसम्म हुनेछ। प्रतियोगिताका विजेताहरुले सोमबारदेखि हुने जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी हुनेछन्।

# कार्की र घिमिरे उत्कृष्ट हुँदै पुरस्कृत



पुरस्कृत विद्यार्थी निकुञ्ज अधिकारी र रिदम घिमिरे।

समाज संवाददाता

हेटौँडा : साहित्य सङ्गम मकवानपुरको ३६४ औं नियमित साहित्य सन्ध्याको अवसरमा दुइ जना बाल साहित्यकारहरुलाई पुरस्कृत गरिएको छ। शनिबार आयोजित एक कार्यक्रममा बालसाहित्यकारहरुलाई प्रदान गरिने अणकुमारी स्मृति साहित्य पुरस्कार निकुञ्ज कार्कीले तथा शेषजङ्ग स्मृति कथा पुरस्कार रिदम घिमिरेले प्राप्त गरेका हुन्।

मकवानपुर बहुमुखी क्याम्पसमा कक्षा ११ मा अध्ययनरत कार्कीको 'जीवन एक प्रयोगशाला' शिर्षकको संस्मरण लेख साहित्य सङ्गमले आयोजना गरेको प्रतियोगितामा ८ जनालाई पछि पार्दै उत्कृष्ट हुन सफल भएको थियो। यस संस्मरणमा लेखकले आफ्ना जिवनमा भएका भोगाइलाई प्रस्तुत गर्दै जीवनलाई सकारात्मकतातर्फ लैजानुपर्ने उल्लेख गरेका छन्। यस्तै सोही समयमा भएको कथा प्रतियोगितामा ११ जना प्रतियोगीहरुलाई पछाडि पार्दै बालजागृति इंग्लिस सेकेण्डरी स्कूलमा कक्षा १० मा अध्ययनरत रिदम घिमिरेको 'अधुरो बिहानी' कथा उत्कृष्ट हुन सफल भएको छ। सो कथामार्फत घिमिरेले वर्तमान समयमा नेपालमा केही सम्भावना छैन भन्दै बिदेश जानेहरुलाई नेपालमा नै केही गरे युवा देशमै स्थापित हुन सकिन्छ भन्ने सन्देश दिएका छन्।

दुवै पुरस्कारहरु नगद ५ हजार रुपैयाँ तथा प्रमाणपत्रसहित प्रदान गरिएको छ। साहित्य सङ्गम मकवानपुरले मकवानपुरका वरिष्ठ साहित्यकार आरसी रिजालले आफ्नी आमा अणकुमारी रिजालको स्मृतिमा स्थापना गर्नुभएको अणकुमारी स्मृति साहित्य पुरस्कार कक्षा ९ देखि १२ सम्म अध्ययनरत छात्राहरुलाई प्रदान गर्दै आएको छ। यो पुरस्कार साहित्य सङ्गमले प्रत्येक पटक साहित्यका विविध विधाहरु तोकेर प्रतियोगिता सञ्चालन गरी उत्कृष्टलाई प्रदान गर्दै आएको छ। यस्तै स्वर्गीय शिक्षक डेन्टीजंग शाहले छोरा शेषजंगको स्मृतिमा स्थापना गर्नुभएको कथा पुरस्कार भने कक्षा ९ देखि कक्षा १२ सम्मका छात्र तथा छात्रा दुवैलाई प्रदान गर्दै आएको छ। यो पुरस्कार भने कथा प्रतियोगितामा उत्कृष्ट हुनेले मात्र प्राप्त गर्दछ।

कार्यक्रममा बालज्योति मावि पिप्लेका विद्यार्थीहरुले आफ्ना रचना वाचन गरेका थिए। यस्तै कार्यक्रममा विभिन्न साहित्यकारहरुद्वारा गजलसमेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा डा. निमेष निखिलले उपस्थित विद्यार्थीहरुलाई कविता लेखनका बिधिहरुबारे जानकारी दिनुभयो। उहाँले गद्य तथा छन्दका विविध कविता लेख्ने तरिकाहरुबारे समेत जानकारी दिनुभएको थियो। वरिष्ठ साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्य तथा साहित्य सङ्गम मकवानपुरका अध्यक्ष डिबी बर्तौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरका वरिष्ठ साहित्यकारहरुको उपस्थिति थियो।

## स्कारपियो दुर्घटना

# ४ जना घाइते

समाज संवाददाता

हेटौँडा : हेटौँडा-भीमफेदी-काठमाडौं छोटो मार्गअन्तर्गत मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ सुकौराबेसीमा स्कारपियो दुर्घटना हुँदा चार जना घाइते भएका छन्। शनिबार बिहान ६ बजे वीरगञ्जबाट काठमाडौँतर्फ जाँदै गरेको ना ४ च ९७७७ नम्बरको स्कारपियो चालक निदाउँदा अनियन्त्रित भई सडकबाट ३० मिटर तल शाखा बाटोमा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक पुस्कर बोगटीले जानकारी दिनुभयो। दुर्घटनामा बारा जिल्लाको कलैया उपमहानगरपालिका-२ का ३८ वर्षीय चालक विजय यादव, कलैया उपमहानगरपालिका-७ बरेवा बस्ने ५० वर्षीय सन्तोष कुमार गुप्ता, उनकी श्रीमती ४० वर्षीया शोभा गुप्ता र १६ वर्षीय छोरा अनमोल गुप्ता घाइते भएका छन्। घाइतेमध्ये शोभा गुप्ताको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। घाइतेहरुलाई उपचारका लागि काठमाडौं पठाइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

हेटौँडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# दुर्घटनामा १ जनाको मृत्यु, ६ घाइते

समाज संवाददाता

हेटौँडा : सिन्धुपाल्चोक जिल्लाको अरनिको राजमार्ग अन्तर्गत भोटेकोशी गाउँपालिका-२ स्थित ९ किलो क्षेत्रमा बोलेरो सडक छेउमा पार्किङ गरी राखिएको कन्टेनर डिब्बा (ट्रेलरको अगाडिको हेड भाग नभएको) मा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्।

शनिबार बिहानको समयमा तातोपानीबाट बाह्रबिसेतर्फ जाँदै गरेको बा प्र ०१-०३० च ३४८० नम्बरको बोलेरो सडक छेउमा पार्किङ गरी राखिएको कन्टेनर डिब्बामा ठोक्किँदा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ। दुर्घटनामा बोलेरो चालक सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-२, दुरुमथलिका २३ वर्षीय काजी शेर्पासहित बोलेरोमा सवार २१ वर्षीय सुजन तामाङ, २० वर्षीय विशाल तामाङ, १८ वर्षीया सलिना शेर्पा, २२ वर्षीय पाल्देन शेर्पा र २२ वर्षीय तेम्बा शेर्पा घाइते भएका थिए। घाइते सुजनको धुलिखेल अस्पताल उपचारको क्रममा शनिबार बिहान २ बजेर ५० मिनेटको समयमा चिकित्सकले मृत घोषणा गरिएको प्रहरीले जनाएको छ। घाइते सबैको धुलिखेल अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ। दुर्घटनाको कारणबारे थप अनुसन्धान भइरहेको छ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
The Voice of Community

# 'मकवानपुर खेलकुद अवार्ड' प्रदान गरिने



समाज संवाददाता

हेटौँडा : मकवानपुर खेलकुद सरोकार समाज नेपालको प्रथम साधारण सभा सम्पन्न भएको छ। संस्थाका अध्यक्ष वेश खड्कीको सभाध्यक्षतामा साधारण सभा शनिबार सम्पन्न भएको हो।

साधारण सभामा संस्थाका महासचिव लालबहादुर पौडेलले आर्थिक वर्ष २०८१/८२ को प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो। गत आर्थिक वर्षमा खेलकुद महोत्सवबाट प्राप्त २० लाख रुपैयाँ सहयोग, अध्यक्ष वेश खड्कीले वार्षिक ५० हजार रुपैयाँ दिने प्रतिबद्धता बमोजिम प्राप्त रकम, व्यवसायी सन्दिप महतबाट प्राप्त ५१ हजार ३ रुपैयाँ र अन्य माध्यमबाट प्राप्त रकम गरी संस्थाको बैंक खातामा सुरुमा २२ लाख ३२ रुपैयाँ जम्मा भएको कोषाध्यक्ष पौडेलले जानकारी दिनुभयो। फागुन मसान्तसम्म व्याजसहित संस्थाको खातामा कुल २२ लाख ७५ हजार १ सय ७ रुपैयाँ मौज्दात रहेको छ।

संस्थाले आफ्नो अक्षय कोषलाई ५० लाख रुपैयाँसम्म पुऱ्याउने लक्ष्य राखेको छ। सोही कोषको व्याजमार्फत प्रत्येक वर्ष उत्कृष्ट खेलाडी, रेफ्री र प्रशिक्षकलाई 'मकवानपुर खेलकुद अवार्ड' प्रदान गर्ने निर्णय समेत संस्थाले गरेको छ। संस्थाका अध्यक्ष खड्कीले यसै महिनाको अन्त्यसम्ममा यस वर्षको अवार्ड घोषणा गर्ने बताउनुभयो।

संस्थाले गत वर्ष १० जनालाई आजीवन सदस्यता र ७ जनालाई साधारण सदस्यता प्रदान गरेको छ। संस्थाले आजीवन सदस्यताका लागि ५ हजार र साधारण सदस्यताका लागि १ हजार रुपैयाँ शुल्क तोकेको छ। सांगठनिक व्यवस्था अनुसार अधिवेशनमा आजीवन सदस्यको २ मत र साधारण सदस्यको १ मत गणना हुने प्रावधान रहेको छ। मकवानपुरको खेलकुद क्षेत्रलाई मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले संस्थाको स्थापना गरिएको अध्यक्ष खड्कीले बताउनुभयो। कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका पूर्वप्रमुख हरी बहादुर महतको प्रमुख आतिथ्य रहेको थियो। साधारण सभामा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानको पनि आतिथ्य रहेको थियो।




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ